# हतियार

-चंकी श्रेष्ठ

निर्लज्जताविरूद्ध
नग्नता पनि सशक्त हतियार हो
जसरी पाखण्डविरूद्ध
वेश्यावृत्ति पनि मुनासिब कारोबार हो ।

बादशाहको जस्तै महंगा र शान्दार लुगा लगाएका मानिसहरू नै
जब नांगा मानिसभन्दा हुन्छन् करोडौं गुणा अश्लील
भ्रष्ट संसारविरूद्ध
नग्नता पनि बलियो आधार हो ।

जब निर्दोष अफगानी नागरिक बस्तीमा
मानवीय संहिताविरूद्ध भइरहेको थियो भारी बमवर्षा
नांगिएर प्रदर्शन गर्दै कालो झण्डा
एक क्रोसियाली किशोरीले बेलायती राजकुमारलाई सोधिन्-
नांगी आइमाई र तिम्रो देशमा को बढी नांगो छ राजकुमार ?

युद्धविरोधी अमेरिकी युवायुवतीले
बीच सडकमा प्रदर्शन गर्दै नांगो जुलुस
राष्ट्रपतिलाई सोधे-
नांगोपनको सीमान्त के हो बुस महोदय ?

निर्लज्जहरूलाई नंग्याउन
संसारमा थुप्रै पटक भएका छन् नांगा जुलुस प्रदर्शनहरू
र, नांगिएका छन् धेरै-धरै निर्लज्जहरू
भोका-नांगाहरू जब जुलुसमा उत्रन्छन्
बलात्कृत आइमाईहरू, अकाल पति गुमाएका विधवाहरू
र, हेपिएका, लुटिएका  वेश्याहरू
जब विरोधमा उठ्छन्
जबर्जस्ती तिनले सरकारलाई नंग्याइरहको हुन्छन् ।

न्यायका पण्डितहरू नै जब बन्छन् न्यायका हत्यारा
न्यायबाट वञ्चित मानिसहरूका लागि
नग्नता पनि सशक्त हतियार हो
जसरी अत्याचारविरूद्ध
आत्मदाह पनि विद्रोहको हुंकार हो ।

chankyshrestha@hotmail.com